बैठक नं.

आज मिति २०७८/०२/०४ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

| क्र.सं | नाम.थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | छविलाल नेपाली | सचिव | |
| | **सहयोगी कर्मचारी** | | |
| १ | बालकृष्ण महतारा | ईन्जिनियर | |
| २. | सुदिपसिंह सुनार | लेखा अधिकृत | |
| २ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ३ | राजेन्द्र टमटा | का. स. | |

निर्णय नं.१

प्रस्ताव नं. १ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाबाट आगामी आर्थिक वर्ष: ०७८/०७९ का लागि योजनाहरु छनौट गर्नु पर्ने भएकोले सबै वडा कार्यालयहरुले मिति २०७८ जेष्ठ१५ गते भित्र प्रस्तावित योजना तथा कार्यक्रमहरु छनौट गरि नगरपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा मिति २०७८ जेष्ठ ०४ गतेका बसेको कोहलपुर नगरपालिका, नगर शिक्षा समितिको बैठकले गरेको तपशिल बमोजिमको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

१. विद्यालयहरुलाई **निर्देशन दिनेसम्बन्धमा** :- गत वर्ष देशमा आएको कोभिड-१९ को महामारीका कारण नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २९३ मिति २०७७/११/०६ को पत्र बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविक शिक्षा विभाग) बाट जारी सूचना अनुसार कोभिड-१९ को महामारीका कारण शैक्षिक सत्र २०७७ को विद्यालय तहको पठनपाठन आगामी २०७८ बैशाख मसान्तसम्म गरी जेष्ठ मसान्तभित्र सबै तहका परीक्षाहरु सम्पन्न गर्ने गरी शैक्षिक सत्र तोकिएकोमा गत वर्षको आश्विन महिनादेखि प्रत्यक्ष विधिबाट पठनपाठन सुचारु भएता पनि पुनः नयाँ भेरिएन्ट सहितको कोभिड-१९ सङ्क्रमण फैलिएकाले मिति २०७८ बैशाख १३ देखि पुनः लकडाउन भई विद्यालयमाविद्यार्थी प्रत्यक्ष रुपमा उपस्थित गराई वार्षिक परीक्षा सञ्चालन तथा मूल्याङ्कनका कार्यहरु सम्पन्न गर्न कठिन हुन सक्ने देखिएकाले देहायबमोजिम गर्ने गरी वार्षिक मूल्याङ्कन र नतिजा प्रकाशनका कार्यहरु सम्पन्न गर्न विद्यालयहरुलाई निर्देशन गर्ने ।

क. विद्यालयले सञ्चालन गर्ने कक्षा १-५, कक्षा ६-७ र कक्षा ९ को वार्षिक मूल्याङ्कन सम्बन्धमा "कोभिड-१९ महामारीमा सिकाइ सहजीकरणका लागि पाठ्यवस्तु समायोजन ढाँचा,२०७७" को नं. ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया (क), (ख) र (ग) बमोजिम विद्यालयहरु आफैंले **"वार्षिक नतिजा प्रकाशनको आन्तरिक मूल्याङ्न कार्यविधि"** बनाई कक्षा १-५, कक्षा ६-७ र कक्षा-९ का विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण गर्न र सबै विद्यालयहरुले भर्चुअल प्रविधिको प्रयोग गरी एकै दिन वार्षिक नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउन सबै विद्यालयहरुलाई निर्देशन जारी गर्ने । नतिजा प्रकाशन गर्ने मिति सरोकारवालाहरुसँगको छलफलपछि आपसी सहमतीमा आगामी बैठकले तोक्ने । विद्यालयहरुले तयार गरेको वार्षिक मूल्याङ्कन कार्यविधि शिक्षा शाखामा पेस गर्न निर्देशन दिने ।

ख. नगरपालिकाले सञ्चालन गर्ने आधारभूत तह (कक्षा-८) को वार्षिक मूल्याङ्कन सम्बन्धमा मिति २०७८ बैशाख३० गते शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा आयोजित बाँके जिल्लाका ८ वटा स्थानीय तहका शिक्षा अधिकृतहरुको जुम बैठकको निर्णय बमोजिम शाखा प्रमुख अनन्तकुमार पौड्याललले आधारभूत तह (कक्षा-८) को वार्षिक मूल्याङ्कन कार्यविधि तयार गरी नगरकार्यपालिकामा पेस गर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ग. नगरकार्यपालिकाको कार्यालयबाट आधारभूत तह (कक्षा-८) को वार्षिक मूल्याङ्कन कार्यविधि जारी भएपछि सोही बमोजिम विद्यालयहरुलाई कक्षा-८ का विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन कार्य सम्पन्न गरी शिक्षा शाखामा सारांश तालिका पठाउन विद्यालयहरुलाई निर्देशन दिने ।

२. **आगामी शैक्षिक सत्र सुरु गर्ने सम्बन्धमा:**नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २९३ मिति २०७७/११/०६ को पत्र बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविक शिक्षा विभाग) बाट जारी सूचना अनुसार मिति २०७८ असार १ गतेबाट आगामी शैक्षिक सत्र सुरु गर्नका लागि तत्पर रहन विद्यालयहरुलाई जानकारी दिने ।

३. **शिक्षकहरुलाई कोभिड विरुद्धको खोपको व्यवस्था सम्बन्धमा:** कोहलपुर नगरपालिकाका लागि अब आउने कोभिड विरुद्धको खोप विद्यालयमा कार्यरत शिक्षकर विद्यालय कर्मचारीहरुलाई पहिलो प्राथमिकतामा राखी लगाउने निर्णय हुनका लागि कोहलपुर नगरपालिकालाई अनुरोध गर्ने ।

४. **वैकल्पिक तथा भरच्युअल माध्यमंका प्रशिक्षक प्रशिक्षण सञ्चालन सम्बन्धमा:** विद्यालयबाट सञ्चालन हुने पठनपाठन तथा आन्तरिक मूल्याङ्कन तयारी र नतिजा प्रकाशन सम्बन्धमा केही प्रशिक्षकहरु तयार गर्नुपर्ने भएकाले अनलाइन विधिबाट एक हप्ताको भर्चुअल प्रशिक्षक प्रशिक्षण/तालिमसञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गर्न कोहलपुर नगरपालिकालाई अनुरोध गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा पेश भएका तपशिल बमोजिमका कार्यविधिहरुलाई कार्यपालिका सदस्यज्यूहरुबाट प्राप्त भएको सल्लाह सुझाव तथा संशोधनलाई समावेश गरी आवश्यक परिमार्जन सहित पास गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. कोहलपुर नगरपालिका, विद्यालय स्थापना, कक्षाथप, नामाकरण, स्थानान्तरण र समायोजन सम्बन्धी कार्यविधि, २०७८

२. अपांगता भएका "ग" वर्गका व्यक्तिहरुलाई भत्ता वितरण सम्बन्धी कार्यविधि-२०७८

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाले **कोरोना भाईरस(COVID-19)** संक्रमणबाट संक्रमित भएका नगरक्षेत्रका नागरिकहरुको उपचार तथा संक्रमित घर परिवार र समुदाय स्तर सम्म फैलिनबाट रोकथाम गर्नका लागि संचालन गरेको **अस्थायी कोभिड अस्पतालतथा आईशोलेशन सेन्टरमा** कार्यरत नेपाल सरकारबाट विमा तथा औषधी उपचारको सुविधामा नपरेका स्वास्थ्यकर्मी तथा अन्य सहयोगि कर्मचारीहरुलाई **कोरोना भाईरस(COVID-19)**बाट संक्रमित भई मृत्यु भएमा निजको आश्रित परिवारलाई रु.२५ लाख बराबरकोजीवनविमा र विरामी भएमा नगरपालिकाको तर्फबाट नि:शुल्क औषधी उपचारको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा निम्न शिर्षकहरुमा बजेट अभावका कारण निर्माण सम्पन्न भएका तपशिलका आधारभूत स्वास्थ्य केन्द्र र वडा कार्यालयहरुमा प्राप्त लागत अनुमान बमोजिम आगामी नगरसभाबाट अनुमोदन हुने गरी निम्न शिर्षकबाट रकमान्तरण गरी तपशिलका योजनाहरुको निर्माण कार्य गर्ने निर्णय गरियो ।

तपशिल :

घटाउने शिर्षकहरु: | बढाउने शिर्षकहरु:

| सि.नं. | कार्यक्रम | श्रोत | रकम | सि.नं. | कार्यक्रम | श्रोत | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गाउँ ब्लक जग्गाहरुको नाप नक्शा तथा लागपुर्जा वितरण | राजश्व बाँडफाँड-प्रदेश सरकार | १,०००,०००.० | १ | माटो पटान र ग्राभेल वडा नं.०३ को वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रमा | राजश्व बाँडफाँड-प्रदेश सरकार | १०,००,०००.० |
| २ | गाउँ ब्लक जग्गाहरुको नाप नक्शा तथा लागपुर्जा वितरण | आन्तरिक | २,०००,०००.० | २ | माटो पटान, ग्राभेल र ग्याविन तारको बाउण्डरी वडा नं.०८ को वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रमा | आन्तरिक | ८००,०००.० |
| | | | | ३ | माटो पटान, ग्राभेल र पि.सि.सि. वडा नं.०९ को वडा कार्यालयमा | आन्तरिक | ४००,०००.० |
| | | | | ४ | वडा कार्यालय जाने बाटो पि.सि.सि. वडा नं.०१ को वडा कार्यालयमा | आन्तरिक | ३००,०००.० |
| | | | | ५ | अति आवश्यक ठाउँमा माटो पटान, ग्राभेल र ह्युमपाईप | आन्तरिक | ५००,०००.० |
| | जम्मा | | ३०,००,०००.० | | जम्मा | | ३०,००,०००.० |

निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा बन्दा देखि चटार हुँदै मानन्धरको घर सम्म सडक कालोपत्रे ठेक्का नं. NCB-02/076/077 को आ.व.२०७८७/०७८ मा विनियोजित भएको बजेट रकममा रु.५,५२,५००/- (अक्षेरुपी पाँचलाख बाउन्न हजार पाँचसय मात्र) नपुग भएकाले उक्त रकम समपुरक कोषबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं.०१ को वडा कार्यालय निर्माण सम्पन्न भै कार्यालयको फर्निचर र फर्निसिङ्गका लागि खरिद गरिएको सामाग्रीहरुको भुक्तानी दिनु पर्ने रकम रु. रु.३,५८,२७३/- (अक्षेरुपी तिनलाख अन्ठाउन्न हजार दुईसय त्रिहत्तर रुपैंया मात्र ) फर्निचर तथा फर्निसिङ्ग शिर्षकबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १३**

प्रस्ताव नं.१३ मा छलफल गर्दा नगरपालिकाले भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्यका लागि करामा भर्ना गरेका तथ्याङ्क संकलकहरुको करार सम्झौता यहि २०७८/०१/१७ गते सम्म भएकाले निजहरुको करार सम्झौता २०७८ अषाढ मसान्त सम्म थप गरि कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं.१४ मा छलफल गर्दा आठौं नगर सभाबाट प्रधानमन्त्री कप महिला भलिबल प्रतियोगिता संचालनको लागि बाँके जिल्ला भलिबल संघ नेपालगंजलाई रु.७५,०००।-( पचहत्त हजार ) उपलब्ध गराउने निर्णय भएकोमा उक्त प्रतियोगिता सम्पन्न भई बाँके जिल्ला भलिबल संघ नेपालगंजले प्रतिवेदन सहित भुक्तानीको लागि बिल भरपाई पेश गरेको हुँदा विनियोजित बजेटबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं.१५ मा छलफल गर्दा नगरपालिकाले भन्सार कार्यालय बाँकेबाट निशुल्क रुपमा प्राप्त गरेको पुरानो गाडी मर्मत संभार गरी सब-बाहनको रुपमा प्रयोग गरिएको र उक्त गाडी मर्मत संभार गर्दा भएको खर्च रकम रु. २०७,०३७।-(अक्षेरुपी दुईलाख सात हजार सैंतिस रुपैंया मात्र ) कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं.१६ मा छलफल गर्दा आ.व.२०७६/०७७ मा बागेश्वरी ह्युम एण्ड विद्युत पोल प्रा.लि.कोहलपुर-१४ को नाममा जारी भएको चेक तोकिएको समयमा भुक्तानी लिन नसकि कार्यालयमा फिर्ता बुझाएको हुँदा उक्त चेकमा उल्लेखित रकम रु.३७५,१२८/-( अक्षेरुपी तिनलाख पचहत्तर हजार एकसय अठ्ठाईस रुपैंया मात्र ) आगामी नगरसभाबाट अनुमोदन हुने गरि समपुरक कोष शिर्षकबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल